# महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लि.
## Mahila Sahayatra Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, थाहा न.पा.-९, चित्लाङ्, मकवानपुर
वेवसाइटः www.mahilasahayatra.com.np, फोन नं. ०५७-६९३९४१

# आठौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७ फागुन २० गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको मिति २०७७/११/१८ गते (तदनुसार २ मार्च, २०२१) मा बसेको सञ्चालक समितिको १२७औं बैठकको निर्णयानुसार आठौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति : २०७७ चैत्र १८ गते बुधवार (३१ मार्च, २०२१)**
**स्थान : ओम अध्याय रिट्रिट रिसोर्ट, थाहा न.पा. ६, मकवानपुर ।**
**समय : बिहान ११:०० बजे ।**

विश्वव्यापी महामारी कोभिड-१९ जोखिमका कारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुलाई अनलाइन (भर्चुअल) प्रविधि मार्फत पनि सहभागी हुन सक्ने गरी प्रबन्ध गरिएको हुँदा ईच्छुक शेयरधनी महानुभावहरुले सभाको Meeting ID तथा Password का लागि कम्पनी सचिवको मोवाइल नं.९८४१७०४५३८ मा SMS गर्नु हुन अनुरोध छ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) आठौं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात, आ.व. २०७६/०७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोहि अवधिको वार्षिक वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।

३) आ.व. २०७६/०७७ सम्मको संचित मुनाफाबाट नेपाल राष्ट्र बैंकबाट वितरण गर्न स्वीकृत भए बमोजिम चुक्ता पूँजीको १० प्रतिशत बोनस शेयर रु. १,३३,१०,०००।- मा लाभांश कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.५३ प्रतिशत रु. ७००,५२६।- नगद लाभांश वितरण गर्न स्वीकृत प्रदान गर्ने सम्बन्धमा।

४) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(२) तथा कम्पनी ऐन, २०६३ को दफा १११(३) अनुसार आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको लागि लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुसार चुक्ता पूँजी रु. १३,३१,००,०००/– को १० प्रतिशतले हुन आउने रकम रु. १,३३,१०,०००।- (अक्षरेपी एक करोड तेत्तिस लाख दश हजार मात्र) बराबर बोनश शेयर वितरण गरेको हदसम्म वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धी गर्ने र सो सम्बन्धमा यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधनको अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने।

२. यस वित्तीय संस्थाको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद २ रिक्त रहेकोले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम सञ्चालक पदको लागि निर्वाचन गर्ने।

३. प्रवन्धपत्रको दफा ५ को "वित्तीय संस्थाको उदेश्य प्राप्त गर्न गरिने कार्यहरुको" क्रमसंख्या (ध) देखि (प) सम्म मिलाउने सम्वन्धमा।

४. यस वित्तीय संस्थामा अरु लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने वा प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यकता अनुसार मर्जर र प्राप्ति समितिको गठन गर्ने, उपयुक्त संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ति गर्न समझदारी पत्र (Memorandum of Understanding) गर्ने, सम्पत्ति तथा दायित्वको मूल्यांकन (Due Diligence Audit) गर्ने गराउने, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) तय गर्ने, गाभ्ने गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा अन्तिम सम्झौता गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

५. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न सुझाव वा निर्देशन प्राप्त भएमा सो बमोजिम आवश्यकतानुसार थपघट, परिमार्जन संशोधन र सच्च्याउन वित्तीय संस्थाको सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**(ग) विविध ।**

आज्ञाले,
कम्पनी सचिव

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१) यो वित्तीय संस्थालाई नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय सस्था लिमिटेडले प्राप्ति गर्ने गरी मिति २०७७/१०/०८ मा सम्झौता गरेको कारण मिति २०७७/१०/०९ देखि यस वित्तीय संस्थाको शेयर कारोवार रोक्का रहेको र मिति २०७७ /११/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोवार भई कायम शेयरधनीहरुलाई मात्र साधारण सभामा भाग लिन, मतदान गर्ने र लाभांश पाउने अधिकार हुनेछ।

२) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारणसभा हुने दिन विहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

३) साधारण सभामा भाग लिन आउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरुले आफ्नो परिचय पत्र वा शेयर प्रमाण-पत्र, हितग्राही नम्बर वा परिचय खुल्ने प्रमाण साथमा लिइ आइदिनु हुन अनुरोध छ।

४) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि पत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरि सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य हुनेछ।

५) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वंयम् सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ। त्यस्ता संगठित संस्थाबाट मनोनित व्यक्तिले ल्याउने प्रोक्सी फाराममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।

७) शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्दा वित्तीय संस्थाको अर्को कुनै शेयरधनीलाई मात्र गर्नु पर्नेछ। त्यस्तो प्रोक्सी दिँदा संस्थापक समूहको शेयरधनीले संस्थापक शेयरधनीलाई र सर्वसाधारण समूहका शेयरधनीले सर्वसाधारण शेयरधनीहरुलाई मात्र प्रोक्सी दिन सकिनेछ। निजले आफ्नो र प्रोक्सी दिने शेयरधनीका तर्फबाट समेत प्रतिनिधि भई मतदान गर्न पाउनेछ।

८) सर्वसाधारण शेयरधनीबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको निर्वाचन सम्वन्धी कार्यक्रम साधारण सभा हुने दिन भन्दा ७ दिन अगाडि नै निर्वाचन समितिले यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशन गर्नेछ। सो कार्यक्रम बमोजिम निर्वाचनको कार्यक्रम सञ्चालन हुने छ। निर्वाचन सम्वन्धी जानकारी निर्वाचन समितिबाट लिन सकिनेछ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा सात दिन अगाडि नै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ।

१०) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

११) साधारणसभा सम्वन्धी थप जानकारीको लागि संस्थाको वेवसाईट www.mahilasahayatra.com.np मा हेर्न वा संस्थाको केन्द्रीय कार्यालय मकवानपुर, थाहा न.पा.-९ चित्लाङ मा सम्पर्क राख्नु हुन अनुरोध छ।